मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा

Purwanchal National Daily



**बोल्ड साम्राज्ञीः** नायिका साम्राज्ञी राज्यलक्ष्मी शाह ट्रि इन्टरटेन्मेन्टले निर्माण गर्न लागेको 'माया पिरेम' बोलको एक म्युजिक भिडियोमा देखिने भएकी छिन् ।

◆ वर्ष : २६ ◆ अङ्क : २९७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज १० गते आइतवार (Sunday, September 26. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# अन्यौलका बीच विद्यालय खुल्दै



**झापा, असोज ९।** बिगत १० वर्षदेखि डल्लूमा बस्दै आएकी रामेछापकी सरस्वती खड्काका छोराछोरी अहिले गाउँमा छन् । विश्वभरि फैलिएको कोरोना महामारीको दोस्रो लहरका कराण गत वैशाखको दोस्रो सातादेखि विद्यालय बन्द गर्ने निणर्यसँगै काठमाडौंमै अध्ययन गर्ने उनका छोराछोरी गाउँ गएका हुन् ।

ज्याला मजदुरी गरी दैनिकी चलाउने सरस्वती भने काठमाडौंमै छिन् । दोस्रो लहरको कोरोना महामारी शुरु भएसँगै उनका दुई सन्तान गाउँबाटै अनलाइनका माध्यमबाट पठन-पाठन गरिरहेका छन् । आइतबारदेखि काठमाडौं महानगरपालिकाले भौतिक उपस्थितिमा विद्यालय खोल्न गरेको निणर्यले भने उनी अन्यौलमा छिन् । उनले भनिन्- एकातिर केटाकेटीले कोरोनाविरुद्धको खोप लगाउन पाएका छैनन्, अर्कातिर नेपालीको महान् चाड दशैं शुरु हुन हप्ता दिन मात्रै बाँकी छ, एक हप्ताका लागि आफ्ना छोराछोरीलाई काठमाडौं ल्याउने वा पढाइ छुटाउने भन्ने विषयमा दोधार भइरहेको छ ।

काठमाडौंको वसन्तपुर निवासी यशोदा थापाले पनि दशैं अगाडि छोटो समयका लागि भौतिक उपस्थितिमा भन्दा पनि आफ्ना छोराछोरीको पठनपाठन अनलाइनका माध्यमबाट घरबाटै गराउन सहज हुने बताइन् । उनले भनिन्- कोरोनाको डर कायमै छ, दशैं आइसक्यो, खोप लगाएको छैन, यो हप्तामात्रै विद्यालय पठाएर के गर्नु ? उनले कोरोनोको तेस्रो लहर आउने र त्यसबाट बालबालिका नै बढी सङ्क्रमित हुने भनिरहेका सन्दर्भमा सरकारले बालबालिकालाई खोपको व्यवस्था गर्न ढिलाइ गरिरहेको भन्दै गुनासो गरिन् । कोरोना भाइरस महामारीको त्रास कम नभएको र दशैं शुरु हुन एक

(बाँकी अन्तिम पृष्ठमा)

## थप ९५३ संक्रमित थपिए

**झापा, असोज ९।** नेपालमा पछिल्लो २४ घण्टामा थप ९५३ कोरोना सङ्क्रमित थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शनिवार सार्वजनिक गरेको तथ्याङ्क अनुसार १० हजार ५७९ जनामा कोरोना परीक्षण गर्दा ९५३ मा सङ्क्रमण देखिएको हो ।

हाल देशभर सक्रिय सङ्क्रमित १९ हजार ७ सय छन् । पछिल्लो २४ घण्टामा एक हजार ३ सय ७१ ले सङ्क्रमण जितेका छन् । यससँगै नेपालमा हालसम्म सङ्क्रमणमुक्त हुने कूल सङ्ख्या सात लाख ५९ हजार ८ सय ७५ पुगेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९६.१ प्रतिशत छ ।

यस्तै सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा छ जनाको ज्यान गएको छ । अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ८७ को निधन भइसकेको छ । हाल देशभर ३६३ सघन

(बाँकी अन्तिम पृष्ठमा)

कांग्रेसको १४औं महाधिवेशन

# कतै सर्वसम्मत, कतै निर्वाचन

**झापा, असोज ९।** नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशन अन्तर्गत झापाका १५ वटै पालिकामा मनोनयन दर्ता लगायतका प्रक्रिया पूरा गरी उम्मेदवारको अन्तिम नामावली प्रकाशन एवम् निर्बिरोध भएकाहरुको नामावली सार्बजनिक गरिएको छ ।

निर्वाचन अन्तर्गत हल्दिबारी गाउँपालिकामा गङ्गा प्रसाईंको नेतृत्वमा समिति निर्बिरोध चयन भएको हो । मनोनयन दर्तामा भेला भएका लगभग ९० प्रतिशत क्षेत्रीय प्रतिनिधिले 'हामीलाई यो घाममा भोलि पनि किन दु:ख दिनुहुन्छ, हामी अहिले नै हात उठाएर भनिदिन्छौं, गाउँ सभापति को हो भनेर ?' भनेपछि निर्वाचनको माहोल परिवर्तन भई गङ्गा प्रसाईको नेतृत्वमा सर्बसम्म्मत समिति चयन भएको हो ।

यसैबीच कचनकबलमा पनि तुलाराम अधिकारी सभापति, टेकनाथ पौडेल र रोमसम राजवंशी सचिब, सागर राजवंसी र रुद्र उप्रेती सहसचिवमा निर्बिरोध चयन भएका छ्न । उपसभापतिमा भने ३ जनाको उम्मेदवारी परेको र सहमतिको पहल भइरहेको ३ नम्बर क्षेत्रीय सचिव गीता भट्टराईले जानकारी दिइन् ।

यसैगरी झापाको बुधबारे सभापतिमा चक्र सेर्मा, सचिबमा कृष्ण खतिवडा र मदन मगर निर्बिरोध भएका छन् भने उपसभापतिमा ३ एवम् सहसचिवमा ३ जनाको उम्मेदवारी दर्ता भएको छ ।

यता अर्जुनधारा नगरपालिकामा सभापति पदमा मात्रै निर्वाचन हुने भएको छ । अन्य पदमा निर्विरोध नेतृत्व चयन भइसकेको नगर उपसभापति भेषराज भण्डारी प्रशान्तले जानकारी दिए । उनी उपसभापति पदमा सर्वसम्मत चयन भएका हुन् । झापा गाउँपालिकामा यसअघि नै सागीरथ गणेशको नेतृत्वमा निर्बिरोध नेतृत्व चयन भइसकेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## शिशुको मृत्युपछि अस्पतालमा तोडफोड

**बिर्तामोड, असोज ९।** उपचारका लागि ल्याएको बालकको मृत्यु भएपछि झापाको दमकमा रहेको एड्भान्स अस्पतालमा बालकका आफन्तले तोडफोड गरेका छन् ।

कोरोना संक्रमण र निमोनियाले ग्रसित कमल-१का ११ महिने शिशु कृजन खड्काको मृत्यु भएपछि शनिबार आफन्तले अस्पताल तोडफोड गरेका हुन् । स्वास्थ्यमा समस्या आएपछि शुक्रबार उपचारका लागि शिशुलाई अस्पताल ल्याइएको थियो । उपचारको क्रममै शिशुको एन्टिजेन परीक्षण गर्दा कोरोना पोजेटिभ देखिएको थियो । उनलाई बालरोग विषेशज्ञ डा. अनिल थापाले हेरेका थिए । कोरोना देखिएपछि शिशुलाई अस्पतालमा भर्ना नगरी औषधि दिएर घर पठाइएको थियो । 'बच्चाको अवस्था सामान्य थियो । यहाँ कोरोना संक्रमित राख्न सक्ने अवस्था थिएन'- उनले छलफलका क्रममा भने- 'औषधि दिएर घर पठाएको हो । उनको अक्सिजन लेभल पनि ठीक थियो ।' तर, अस्पतालबाट घर पुर्‍याउनेबित्तिकै बालकलाई साह्रो भएको मृतकका आफन्तले बताए । अवस्था नाजुक भएको बिरामीलाई घर पठाइएको भन्दै आफन्तले डाक्टरको गल्ती रहेको बताएका छन् ।

डाक्टरले घरमा लगाउनका लागि सुई दिएका थिए । स्थानीय स्वास्थ्यकर्मीले उक्त सुई लगाएपछि बालकलाई साह्रो भएको उनीहरुको भनाइ छ । अस्पतालसँग छलफल गर्दा आफ्ना कुरा राखेर डाक्टरलाई भगाएको भन्दै आक्रोशितले अस्पतालमा ढुंगा प्रहार गरेको छन् ।

ढुंगा प्रहारबाट अस्पतालको सिसा फुटेको छ । ढुंगा प्रहार गर्ने केहीलाई प्रहरीले पक्राउ गरेको छ । बालकको शव शुक्रबारदेखि नै अस्पतालमा राखेर आफन्त आन्दोलित भएका हुन् । हाल अस्पताल प्रशासन, आफन्तबीच इलाका प्रहरी कार्यलयमा छलफल भइरहेको छ ।


## कर्मचारी आवश्यकता

वी.एस. ट्रेडर्स (टी.भी.एस. शोरुम सुरुङ्गा) को लागि एक जना कर्मचारीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

पदः **एकाउन्टेन्ट** योग्यताः सम्बन्धित क्षेत्रमा दक्ष हुनुपर्नेछ ।

तलबः आपसी समझदारीमा तय गरिनेछ ।

**एस ट्रेडर्स (टी.भी.एस. शोरुम सुरुङ्गा)**

फोन नं. ९८१४९०३३३४, ०२३-५९०१९२)

## हार्दिक बधाई



मेरा अनन्य मित्र
बिर्तामोडका युवा व्यवसायी
**भेषराज भण्डारी (प्रशान्त)**
नेपाली कांग्रेसको १४औं
महाधिवेशनबाट अर्जुनधारा
नगरपालिकाको उपसभापति
जस्तो गरिमामय पदमा
सर्वसम्मत चयन हुनुभएकोमा
हार्दिक बधाई ज्ञापन गर्दै सफल
कार्यकालको शुभकामना
व्यक्त गर्दछु ।

**प्रवीण पोखरेल**
बिर्तामोड-३, झापा

## सेल्स अफिसरको आवश्यकता

होण्डा कारको आधिकारिक बिक्रेता इष्टर्न फाइब बिर्तामोड अफिसलाई एक जना सेल्स अफिसर ( महिला)को आवश्यकता परेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

तलबः सुविधा आपसी समझदारीमा तय गरिनेछ ।

**सम्पर्क : ९८४०८२३७२१**

समाल रियल स्टेट प्रा.लि.

## जग्गा खरिद बिक्री केन्द्र

बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा

**प्रबन्ध निर्देशकः राजु समाल** (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

## OLD IS GOLD

'गुणस्तरीय र सुलभ शिक्षा, कनकाईको प्रतिवद्धता'

## भर्ना खुल्यो ! भर्ना खुल्यो

मेची अञ्चलमै पहिलोपटक २०३५ सालमा अंग्रेजी माध्यमबाट पठनपाठन शुरु भई कक्षा नर्सरीदेखि मास्टर्स डिग्रीसम्म सञ्चालन भइरहेको पूर्वकै ऐतिहासिक शैक्षिक प्रतिष्ठान कनकाई एजुकेशन फाउण्डेशन बिर्तामोडमा शैक्षिक सत्र २०७८ को लागि एमवीएस प्रथम सेमेष्टर तथा कक्षा ११ को व्यवस्थापन, शिक्षा र मानविकी संकाय अन्तर्गतका विषयहरुमा नयाँ भर्ना खुलेको सहर्ष जानकारी गराउँछौं । सीट सीमित भएकोले समयमै भर्ना गरी आफ्नो भविष्य सुनिश्चित गर्नुहोस् ।

**सम्पर्क :** ०२३-५४००५५, ०२३-५४००९५ (क्याम्पस प्रशासन)
९८५२६७७४९९ (क्याम्पस प्रमुख), ९८४२६२६१३९ (प्राचार्य)
९८४२६५७९३८ (प्रशासकीय अधिकृत)



## ब्रिटनी स्पियर्सले टपलेस फोटो शेयर गरेपछि...



अमेरिकी गायिका ब्रिटनी स्पियर्सले सामाजिक सञ्जालमा केही अत्यन्तै बोल्ड टपलेस फोटो शेयर गरेर हंगामा मच्चाएकी छिन् । फोटोमा ब्रिटनीले तल डेजी ड्युक सर्ट लगाएकी छिन् र माथि केही पनि लगाएकी छैनन् ।

यी फोटोमा ब्रिटनीको निकै हट तथा बोल्ड रूप देख्न सकिन्छ । यी तस्वीरले अहिले सामाजिक सञ्जाल तातेको छ । यससँगै यसले ब्रिटनीको चर्चा पनि चुलिएको छ ।

केही दिनअघि ब्रिटनी आफ्ना पिता जेमी स्पियर्ससँग आफ्नो अभिभावकत्व विवादका कारण चर्चामा थिइन् । ब्रिटनी र उनका पिता जेमीबीच उनको अभिभावकत्वको विषयमा लामो समयदेखि विवाद चलिरहेको छ । ब्रिटनीले आफू आफ्ना पिताको निगरानी र संरक्षकत्वमा नरही स्वतन्त्र रहने भन्दै मुद्दा पनि हालेकी थिइन् तर उनले हारिन् । ३९ वर्षकी ब्रिटनीका निजी जीवनका अधिकांश निर्णय उनका पिताले गर्छन् ।

## रुखको हांगाले लागेर मृत्यु

**मोरङ, असोज ९।** मोरङ सुन्दरहरैंचा-९का ६३ बर्षीय डिल्ली दर्जीको रुखको हाँगाले लागेर मृत्यु भएको छ ।

सोही स्थानमा रहेको जनचेतना सामुदायिक वनमा शिरिसको रुखको हाँगा काट्ने क्रममा हाँगाले लागेर गम्भीर घाइते भएका दर्जीको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

## रु. ९५ लाखसहित पक्राउ

**काठमाडौँ, असोज ९।** स्रोत नखुलेको रु. ९५ लाखसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

नागढुङ्गास्थित महानगरीय प्रहरी प्रभागबाट खटिएको टोलीले सवारीसाधन जाँच गर्ने क्रममा शुक्रवार राति उक्त रकमसहित भारतको महाराष्ट्र घर भएका २६ वर्षीय सागर माली र सोही ठाउँका १९ वर्षीय कृष्ण अढाडेलाई पक्राउ गरेको हो ।

सागरका साथबाट रु. ४५ लाख र कृष्णका साथबाट रु. ५० लाख बरामद गरिएको काठमाडौँ महानगरीय प्रहरी परिसरले शनिवार जारी गरेको विज्ञप्तिमा जनाइएको छ । चितवनबाट काठमाडौँ आउँदै गरेको ग१ख ६६४५ नम्बरका माइक्रोमा सवार उनीहरूले झोलामा उक्त रकम लुकाइछिपाइ ल्याएका थिए । उनीहरूले पैसाको स्रोत खुलाउन नसकेपछि पक्राउ गरिएको घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## कतै ...

यसैबीच मेचीनगरमा सभापतिमा नवीन बराल र सुवेस पनेरुबीच प्रतिष्पर्धा हुने निश्चित भएको मतदान सहायक अधिकृत ज्ञानेन्द्र निरौलाले जानकारी दिए ।

नगरमा चयन हुने दुई उपसभापतिमा ४ जनाको उम्मेदवारी परेको छ । उपसभापतिमा राजु अधिकारी, सञ्जीव ओली, धनकाजी खत्री र योगेन्द्र थापामगरबीच चुनावी प्रतिष्पर्धा हुने निश्चित भएको हो । दुईजना नगरसचिवका लागि मनोज घिमिरे, अशोककुमार राई, लक्ष्मीप्रसाद काफ्ले र मुकेश लिम्बूले मनोनयन दर्ता गराएसँगै सचिव पदमा पनि निर्वाचन हुने भएको छ ।

त्यसैगरी चन्दन गौतम, टीकाराम धमला, नवीन खतिवडा, लोकेन्द्र थपलिया र बिजय भट्टराईले नगर सहसचिवमा उम्मेदवारी दिएका छन् । पाँचजना सहसचिवका प्रतिस्पर्धी मध्येबाट २ जना निर्वाचित हुनेछन् ।

८५ जना नगर समिति रहने मेचीनगरमा वडाबाट आएका सबै उम्मेदवार सर्वसम्मत भएका छन् भने समानुपातिक तर्फ दलित कोटा बाहेक अन्यमा सर्वसम्मत भएको बताइएको छ ।

यसैबीच कांग्रेसले शनिबार ५४ जिल्लामा पालिका तहको अधिवेशन गरेको छ । वडा अधिवेशन भइसकेका ६४ जिल्लामध्ये १० जिल्लामा भने तयारी नपुगेका कारण क्रमश: गर्ने गरी जिल्ला निर्वाचन अधिकृतले नै मिति तोकेका छन् । कतिपय ठाउँमा भने मतदाता नामावली नै तयार नभइसकेका कारण अधिवेशन हुन सकेको छैन ।

केन्द्रीय निर्वाचन समितिले शनिबार ५४ जिल्लामा गाउँपालिका र नगरपालिकास्तरीय कार्यसमितिको अधिवेशन शुरु भएको जनाएको छ । समितिका सदस्य एकराज पोखरेलले कतिपय ठाउँमा सहमतिबाटै नेतृत्व चयन भएको र कतिपय ठाउँमा निर्वाचन प्रक्रिया अघि बढेको जानकारी दिए । 'कहाँ-कहाँ भइसक्यो भन्ने यकिन तथ्यांक तयार भइसकेको छैन । तर, शनिबार ५४ जिल्लामा एकैसाथ पालिका तहको अधिवेशन शुरु भएको छ । आजै नसकिए पनि एक-दुई दिनभित्रै ती ठाउँमा अधिवेशन भइसक्छ'- पोखरेलले भने ।

उता नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाको गृह नगर भद्रपुरमा नगर सभापति पदका लागि पाँच जनाले उम्मेदवारी दिएका छन् ।

कांग्रेसको १४औं महाधिवेशन अन्तर्गत गाउँ तथा नगरमा नेतृत्व चयनका लागि शनिबारदेखि पालिका तहको अधिवेशन शुरु भएको हो । नगरमा सर्वसम्मत नेतृत्व चयन हुन नसक्दा चुनावी प्रक्रियामा गएको छ । सभापति, सचिव र सहसचिव मुख्य ५ पदमा १३ जनाको उम्मेदवारी परेको छ ।

उपसभापति पदमा दुई जना निर्विरोध निर्वाचित भएको मतदान अधिकृत मञ्जु दाहालले जानकारी दिइन् । उपसभापति निर्वाचित हुनेमा रमेशचन्द्र झा र भरतचन्द्र गुरुङ रहेका छन् । उपसभापति पदबाट रेखा अधिकारीले उम्मेदवारी फिर्ता लिएकी थिइन् ।

त्यस्तै प्रत्यक्ष महिला सदस्य खुलामा १०, प्रत्यक्ष सदस्य खुलामा २०, समावेशी खस आर्य महिलामा ३, खस आर्य खुलामा ४, समावेशी आदिवासी जनजातिमा महिला ५, आदिवासी जनजाति खुला ५, मधेशी महिला र खुला १/१, दलित खुला १, मुस्लिम महिला १, अपाङ्गता महिला र खुला १/१ जना निर्विरोध निर्वाचित भएका छन् ।

नगर सभापित पदका लागि बन्धु कार्की, मदनबहादुर बस्नेत, ज्ञानबहादुर चौहान, भरत प्रसाँई र रामबहादुर कँडेलले उम्मेदवारी दिएका छन् । सचिव दुई पदका लागि ६ जनाको उम्मेदवारी परेको छ । सचिव पदमा कविन राई, दूर्योधन कार्की, अनिता रिजाल, टेकबहादुर पाण्डे, उत्तम कोइराला र सन्तकुमार राजवंशी (सन्तोष) ले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी सहसचिव दुई पदका लागि चार जनाको उम्मेदवारी परेको छ । सहसचिव पदमा मणिकुमार राई, सन्तोष थापा, नन्दलाल राजवंशी र दीपेशकुमार साहाले उम्मेदवारी दिएका छन् । भद्रपुरस्थित एनसीडीसी भवनमा कांग्रेस नेतृत्व चयनका लागि चुनावी महोल तातिएको छ ।

सबै उम्मेदवार आफू जित्ने आत्म विश्वासका साथ चुनावी मैदानमा उत्रिएका छन् । चुनावी प्रक्रियामा जानु दुई दिनअघि नेता सिटौला गृह नगर आएका थिए । सिटौलाले सर्वसम्मत नगर नेतृत्व चयनका लागि आकांक्षी उम्मेदवारहरुलाई पटक-पटक बोलाएर छलफल गरेका थिए । तर, आकांक्षी उम्मेदवारहरुले आ-आफ्नो पदमा दावीसँगै अडान छाड्न मानेनन् ।

नेता सिटौलाको कुरा आकांक्षी उम्मेदवारहरुले नमान्दा अन्तत: सभापति, सचिव र सहसचिव पदका उम्मेदवार चुनावी मैदानमा गएका हुन् । नगरमा २३९ मतदाता रहेका छन् । आइतबार हुने निर्वाचन प्रक्रियाबाट बाँकी पदको छिनोफानो हुने छ ।

## अन्यौलका ...

हप्तामात्रै बाँकी हुँदा सरस्वती र यशोदा मात्रै होइन, विद्यालय खोल्ने निर्णयले धेरै अभिभावक थप अन्यौलमा छन् ।

महानगरपालिकाले यही असोज १० गते आइतबारदेखि भौतिक रूपमा नै विद्यालय खोल्ने निर्णय गरेको थियो । सरकारले १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकाका लागि फाइजर र मोडर्ना नामक कोरोना भाइरसबिरुद्धको खोप दिने तयारी गरिरहेको छ ।

विश्वभरि फैलिएको कोरोना महामारीको दोस्रो लहरका कारण गत वैशाखको दोस्रो सातादेखि बन्द रहेका विद्यालय भौतिकरूपमा खोल्ने निर्णय गरिएको थियो । कामपा शिक्षा विभागको बुधबार बसेको बैठकले विद्यालय खोल्न अनुमति दिने निर्णय गरेको थियो ।

विद्यार्थी संख्या धेरै भएका विद्यालय भने खोल्नका लागि अनिवार्य नगरेको पनि महानगरपालिकाले जनाएको छ । शिक्षक, कर्मचारी, चालक कसैले खोप लगाउन बाँकी रहेको अवस्थामा महानगरपालिकाले खोप लगाउने व्यवस्थासमेत गर्ने जनाएको छ । लामो समय विद्यालय बन्द रहेको, चाडवाडको समय नजिक आएको र कोरोनाको त्रास अझै कायमै हुँदा अधिकांश विद्यार्थी गाउँमा रहेकाले दशैं तिहारपछि मात्र भौतिकरूपमा विद्यालय पुन:सञ्चालन गर्नुपर्ने माग अभिभावकको छ ।

स्वास्थ्य तथा जनासंख्या मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारले भने- सामान्यतया सङ्क्रमण घटेको छ, तर मानिसको लापरवाहीका कारण जोखिम थप चुलिँदो छ, यस्तो अवस्थामा विद्यालय खोल्नु हुँदैन । उनले कम्तीमा पनि दशैंसम्म सङ्क्रमणको अवस्था विश्लेषण गरेर मात्रै स्थानीय तहले भौतिक उपस्थितिमै विद्यालय सञ्चालनबारे निर्णय लिनुपर्ने बताए । कोरोना सङ्क्रमणको अवस्था स्थिर रहेको, आम मानिसले सोचेजस्तो जोखिम कम नभएको र पूर्ण सावधानीको आवश्यकता उत्तिकै रहेको उनको भनाइ छ ।

राष्ट्रिय अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारीले स्वास्थ्य मन्त्रालयका अनुसार काठमाडौं उपत्यका अझै पनि कोरोना सङ्क्रमणको जोखिममै रहेकाले स्थानीय तहले आ-आफ्नो तरिकाले भौतिक उपस्थितिमा विद्यालय खोल्नु हतारको निर्णय भएको टिप्पणी गरे । कोरोना त्रासकै बीच केही दिनअघि कैलालीका केही विद्यालय पुन: सञ्चालनमा आए पनि अहिले बन्द गर्न थालिएको उदाहरण दिँदै उनले अहिले शहरी क्षेत्रका विद्यालय धमाधम खोलेर विद्यार्थीमा थप सङ्क्रमण बढेमा त्यसको जिम्मेवारी सम्बन्धित स्थानीय तहले लिनुपर्ने बताए । उनले भने- कोरोना महामारीको त्रास कायमै छ, वडा दशैं आइसक्यो, धेरै विद्यार्थी र अभिभावक दशैंपछि फर्किने योजनामा गाउँमै छन, स्वास्थ्य मन्त्रालयको भनाइलाई उल्लंघन गर्दै विद्यालय खोल्नु थप जोखिम निम्त्याउनु हो ।

सरुवा रोग विशेषज्ञ डा. सागर राजभण्डारीले पछिल्लो समय फेरि केही मात्रामा कोरोना सङ्क्रमण बढ्दै गएको हुँदा अहिलेकै अवस्थामा विद्यालय खोल्नु उपयुक्त नहुने धारणा राखे । उपत्यका बाहिरका ग्रामीण भेगका थोरै विद्यार्थी रहेका विद्यालय सञ्चालनमा ल्याए पनि घना बस्ती भएका शहरी क्षेत्रका विद्यालय पुन:सञ्चालनमा ल्याउने समय भएको छैन, त्यसका लागि कम्तीमा तिहारसम्म हेर्नुपर्छ- उनले भने । काठमाडौं उपत्यकाभित्रकै थिमी नगरपालिकाले मुख्य चाडवाड नजिक आइरहेको र त्रास पनि कायमै रहेकाले दशैंअघि विद्यालय नखोल्ने जनाएको छ ।

ललितपुर महानगरपालिकाले यही असोज १ गतेदेखि नै विद्यालय सञ्चालन गर्न अनुमति दिए पनि कोरोना त्रासका कारण पूर्णरुपमा विद्यालय सञ्चालनमा आउन सकेका छैनन् ।

सो महानगरपालिकाका उपप्रमुख गीता सत्यालले विद्यार्थीको संख्या बढी भएका विद्यालय भौतिकरूपमा अझै पनि सञ्चालनमा आउन नसकेको बताइन् ।

## थप ...

उपचारकक्ष (आइसीयू), १०९ भेन्टिलेटर, १८ हजार ३४० होम आइसोलेशन, एक हजार ३६० संस्थागत आइसोलेशन र २३७ क्वारेन्टिनमा छन् । पछिल्लो समय कोरोना भाइरसविरुद्धको खोप दुई लाख १६ हजार ७२५ जनाले लगाएका छन् । अहिलेसम्म ६५ लाख २८ हजार ३९२ ले पहिलो मात्रा र ६० लाख १४ हजार ९ सय ४१ जनाले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।


### बिमालेख हरायो

माई–२ शितलीबाट माई–६ जाने क्रममा यही मिति २०७८/०५/१८ गते मेरो निम्न व्यहोराको एलआईसी इन्स्योरेन्स कम्पनी लिमिटेडको बीमा पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- मित्रलाल गिरी
ठेगाना:- माई नगरपालिका–६, इलाम
बीमा पोलेसी नं.:- २०००२५९१७
कम्पनी नाम:- एलआईसी इन्स्योरेन्स क.
सम्पर्क:- ९८१६९५८१२६

### बिमालेख हरायो

माई–२ शितलीबाट माई–६ जाने क्रममा यही मिति २०७८/०५/१८ गते मेरो निम्न व्यहोराको एलआईसी इन्स्योरेन्स कम्पनी लिमिटेडको बीमा पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- पवित्रा गिरी
ठेगाना:- माई नगरपालिका–६, इलाम
बीमा पोलेसी नं.:- २०००२५९२०
कम्पनी नाम:- एलआईसी इन्स्योरेन्स क.
सम्पर्क:- ९८१५९५९१४८

### बिमालेख हरायो

झापा राजगढबाट घैलाडुब्बा जाने क्रममा यही मिति २०७८/०३/१५ गते मेरो निम्न व्यहोराको एलआईसी इन्स्योरेन्स कम्पनी लिमिटेडको बीमा पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- लक्ष्मीप्रसाद राजवंशी
ठेगाना:- घैलाडुब्बा–१, झापा
बीमा पोलेसी नं.:- २०००१९७०८
कम्पनी नाम:- एलआईसी इन्स्योरेन्स क.
सम्पर्क:- ९८२४०६२००९

### बिमालेख हरायो

झापा राजगढबाट हल्दीबारी जाने क्रममा यही मिति २०७८/०४/०१ गते मेरो निम्न व्यहोराको एलआईसी इन्स्योरेन्स कम्पनी लिमिटेडको बीमा पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- निर्मला खड्का
ठेगाना:- हल्दीबारी–१, झापा
बीमा पोलेसी नं.:- ६०००१०४१५
कम्पनी नाम:- एलआईसी इन्स्योरेन्स क.
सम्पर्क:- ९८१३४६०६९०

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

### जग्गा बिक्रीमा

झापाको कन्काई नपा–४ कृषि मार्गस्थित ५० फुटे ग्राभेल भएको १०० धुर र पर्यटकीयस्थल जामुनबारी सिमसार जाने बाटोमा रहेको १० धुर जग्गा बिक्रीमा छ ।
सम्पर्क : ९८०८४५६५५१

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

### सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०, ९८२४९८२२९६

### बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

### कर्मचारी तु-आवश्यकता

ग्रेट फ्युचर मार्ट कम्पनी बिर्तामोडमा केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला ।
पद: कार्यालय सहायक
संख्या: ६ जना (महिला/पुरुष)
योग्यता: +२ वा सो सरह
तलब: १३,६०० सम्म
सम्पर्क: G.F.M. कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340
नोट: सञ्चयकोष । यातायात । दशैं बोनसको व्यवस्था रहेको छ ।

### उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१२०, ९८२०७१६११३

### अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा

VARANNYA HEALTHCARE AT HOME

तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !
के यो सम्भव छ ?
*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं ।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं ।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं ।

उपलबध हुने सेवाहरू
- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड–१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

तपाईंहरुको सेवामा समर्पित
वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.
बिर्तामोड–१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड–१९ को संक्रमणविरूद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं ।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड–१९ को संक्रमण हुनसक्छ । यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स–रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा ।

*रिपोर्ट पोजेटिभ आए :*
होम आइसोलेसन प्याकेज अन्तर्गत :
- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा ।

**Post-Covid Management**
कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा
- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

VARANNYA HEALTHCARE SERVICE
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052

### झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

### हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।


जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

### नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# प्लास्टिक, प्रदूषण र कानून

**अघिल्लो सरकारले प्लास्टिक र प्लास्टिकजन्य वस्तुको अनियन्त्रित प्रयोगले प्रदूषण बढाएको भन्दै बजेट मार्फत उत्पादन, बिक्रीवितरण, प्रयोग र आयातमा प्रतिबन्ध लगाएको थियो । अध्यादेश मार्फत ल्याइएको बजेटले चालीस माइक्रोनभन्दा पातला प्लास्टिकका झोला, थैला लगायतका वस्तुको उपयोगमा रोक लगाउने गरी ल्याइएको बजेटमा निर्देश गरेको सो कानून आज पनि कार्यान्वयन भएको छैन । सरकारको आदेशको पालना नभएको भन्दै अधिवक्ताहरू पदमबहादुर श्रेष्ठ र षटकोण श्रेष्ठले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले उक्त निर्देशन तत्काल लागू गर्न आदेश दिएपछि यो विषयले फेरि चर्चा पाएको छ । प्लास्टिक र प्लास्टिकजन्य वस्तु हतपत नसड्ने भएका कारण यसले वातावरणीय सन्तुलन बिगार्ने मात्र होइन घातक परिणाम समेत निम्त्याउँछ । त्यही कारण वातावरणविद्हरूले प्लास्टिकको प्रयोग न्यूनीकरण गर्दै पृथ्वीको संरक्षण गर्नुपर्नेमा जोड दिँदै आएका छन् ।**

**झोला मात्र होइन यतिबेला घरेलु प्रयोगका धेरै वस्तु प्लास्टिकका प्रयोग गर्न थालिएको छ । पुनः प्रयोग नहुने यस्ता वस्तुलाई पुनर्चक्रण गरेर नयाँ वस्तु उत्पादन गर्न भने सकिन्छ। तर, त्यसका लागि सङ्कलन, प्रशोधन तथा उत्पादन गर्ने उद्योगको व्यवस्थापन गर्नुपर्छ । प्रयोगको परिमाणका आधारमा अहिले प्लास्टिकजन्य उद्योगहरू खुलेका पनि छन् । तर, त्यसको सञ्चालनमा ठूलो मात्रामा ऊर्जा खर्च हुन्छ, जसको आयात र कच्चा पदार्थको लागि ठूलो धनराशि बाहिरिने गरेको छ । जो हाम्रो जस्तो देशका लागि हितकर छैन । पूर्वी नेपालका साना–ठूला सबै शहरबजारमा मापदण्डभन्दा पातला प्लास्टिकका झोला व्यापकरूपमा प्रयोग भइरहेको छ । सरकारको आदेश विपरीत प्रयोग भइरहेका झोला उपभोक्ताको घर पुगेपछि प्रदुषणको कारण बन्ने गरेको छ । पुनः प्रयोगमा नआउने त्यस्ता प्लास्टिक जथाभाबी फ्याल्ने गरेकाले शहरबजारको सौन्दर्य हराएको छ भने त्यसले माटोलाई सुख्खा बनाउँछ र माटोको उर्वरा शक्ति पनि कम हुन्छ । वातावरण विज्ञका अनुसार प्लास्टिकलाई सड्न मात्रै पाँच सय वर्ष लाग्छ त्यसैले पनि आत्मघाती यस्ता वस्तुको प्रयोगमा हामी स्वयम् सचेत हुन जरूरी छ ।**

**प्लास्टिकको प्रयोगलाई न्यूनीकरण गर्दै विस्थापन गर्नुपर्ने आवश्यकता महशुस गरी सरकारले कानून त बनायो तर, कार्यान्वयन भएन । त्यहीकारण त्यसबिरूद्ध सर्वोच्चमा रिट पऱ्यो । सर्वोच्चले पनि आदेशको कार्यान्वयन गर्न सम्बद्ध निकायलाई निर्देशन पनि दियो । तर, त्यसको पालना भएको छैन । तयारी खाद्यपदार्थ प्लास्टिकको थैलोमै राखिन्छ, त्यसैले प्लास्टिक उद्योगहरू नेपालमै खोलिए । सरकारको प्लास्टिक प्रतिबन्धको निर्णयले आफूहरूको दश अर्बभन्दा बढी लगानी जोखिममा परेको भन्दै उनीहरूले बिरोध जनाएका छन् । यद्यपि सरकारले मापदण्ड अनुसार नभएका उद्योगलाई प्रतिस्थापनमा अनुदान दिने बजेटमै उल्लेख गरेको छ । प्लास्टिकले शहरको सौन्दर्य नष्ट गर्नुका साथै वायुसमेत प्रदूषित हुन्छ । जमिनमा झ्यालेको प्लास्टिक नदीमा मिसिन्छ र जल प्रदूषण हुन्छ । नदीको निकास रोकिन्छ र बाढीको जोखिम बढ्छ । त्यही प्लास्टिकसहितको पानी अन्ततः समुद्रमा मिसिन्छ र जलचर प्राणीहरूका लागि अनुपयुक्त मात्र होइन घातक नै बनिन्छ । यी सबै कारणले अति हानीकारक प्लास्टिकको विस्थापनका लागि सरकारले दिएको निर्देशन अनुसार मापदण्डभित्रको अथवा कागज, जुट वा कपडाको झोला प्रयोग गर्ने बानी बसाल्नुपर्छ । त्यसका लागि वातावरण मन्त्रालय, विभाग तथा सम्बद्ध सबैले ऐन तथा बजेट कार्यान्वयनमा इमान्दार अग्रसरता देखाउनु पर्छ ।**

# मिडियाको बदलिँदो समाजशास्त्र

**डा. कुन्दन अर्याल**

आजको नेपाली समाजमा मिडियाले सार्वजनिक वा राजनीतिक संवादका लागि निर्वाधरूपमा मुख्य वाहकको दायित्व निर्वाह गरिरहेको छ। तीन दशकको बहुलवादी राजनीतिक संस्कृतिका कारण नेपाली मिडियाको समाजशास्त्र ०४६ सालअघिको भन्दा पृथक देखिनु स्वभाविक हो। जहाँ छापा र प्रसारणजस्ता परम्परागत मात्र होइनन्, नयाँ मिडिया समेत बहुलवादी छन्। तर, राजनीतिक पहुँच अथवा स्रोत-साधनबाट बलशाली हुन पुगेका नयाँ-नयाँ स्वार्थी तत्वहरू सार्वजनिक सञ्चारमा पकड जमाउन वा यसबाट निसृतः हुने सामाजिक शक्तिको प्रयोग गर्न सफल भएका छन्।

बेला-बेला मिडियाका अन्तर्वस्तुमा अव्यावसायिक प्रभाव परेको प्रष्टै देखिनुको कारण यही हो। सन् चालीसको दशकको उत्तरार्द्धतिर अमेरिकी सामाजशास्त्री तथा मनोवैज्ञानिक हारोल्ड लसवेलले कुनै पनि समाजमा मिडियाको समाजशास्त्रलाई केलाउन मद्दत गर्ने सञ्चार विश्लेषणको नमूना प्रस्तुत गरेका थिए। जस अनुसार कसले, कसलाई, कुन माध्यमबाट के भन्यो र कस्तो प्रभाव पर्न गयो ? भन्ने प्रश्नहरू महत्वपूर्ण हुन्छन्। ती प्रश्नका जवाफ खोज्दै बितेका तीन दशकमा नेपाली मिडिया समाजशास्त्रको बद्लिएको स्वरूपको आँकलन गर्न सकिन्छ।

पत्रकारिता सामाजिक अभ्यास हो। आजको युगमा यो विमर्शबाट उत्पन्न हुने शक्तिको मूल स्रोत पनि हो। त्यसैले राजनीतिक अभ्यासका क्रममा देखिने अव्यवस्था र अस्थिरता अनि आमसञ्चार अभ्यासमा मुखरित हुन्छन्। राजनीतिक परिपाटी, दल वा अभ्यासकर्ता एवम् मिडियाबीच सीमारेखासहितको उचित अन्तरसम्बन्धको निर्क्योल हुनुपर्छ। अन्यथा विमर्शबाट उत्पन्न हुने सामाजिक शक्तिको प्रयोग राजनीतिमा समेत गलत ढङ्गले पकड जमाउन खोज्ने स्वार्थी तत्वहरूबाट नै हुने गर्छ। त्यस्तो भएको अवस्थामा मिडिया समाजको अपेक्षा अनुसार लोककल्याणकारी भूमिका निर्वाह सक्षम हुनै सक्दैन। त्यस्तै परिस्थितिमा मिडिया आवाजविहीनहरूको आवाज होइन, शक्ति केन्द्रका औजार बन्ने खतरा हुन्छ।

सन् पचासको दशकको मध्यतिर स्राम, पिटरसन् र सिवर्टले प्रस्तुत गरेको प्रेसका चार सिद्धान्तलाई सरकार वा राजनीतिक प्रणाली र मिडियाबीचको अन्तरसम्बन्धको ब्याख्या गर्ने एउटा महत्वपूर्ण आधार मानिन्छ। जसअनुसार कुनै पनि समाजमा राजनीतिक प्रणालीले आमसञ्चार प्रणाली वा मिडियाका स्वरूप र अन्तर्वस्तुलाई आकार प्रदान गर्छन्। गोरखापत्रको प्रकाशन शुरु भएयताको एक शताब्दीभन्दा लामो नेपाली मिडियाको इतिहासले पनि यही देखाएको छ।

आजको नेपाली पत्रकारिताको क्षितिज जति फराकिलो छ, त्यत्तिकै समृद्ध र गौरवमय यसको इतिहास छ। हिजोकै जगमा नेपाली मिडिया यहाँसम्म आइपुगेको छ। आउने दिनमा डिजिटल माध्यमहरूको चलनचल्ती अझै बढ्दै जान सक्ने छन्। माध्यम जे भए पनि पत्रकारिता अझ अगाडि बढ्दै जानेछ। समाजमा पत्रकारिताको नैतिक उपस्थिति मूल पक्ष हो। भौतिक उपस्थितिका कारण मात्र पत्रकारिताप्रति समाजको निर्भरता बढ्दै गएको होइन। साप्ताहिकहरू हराउँदै जानु दैनिकहरू बढ्दै जानु वा कागजका अखबारहरू थप विस्तार नहुनु र अनलाइन न्यूजपोर्टलहरू मौलाउँदै जानु अस्वाभाविक होइन। अन्तर्वस्तु मूल कुरा हो। भाँडा वर्तन फरक हुँदै जान्छन्, पकवानको महत्व झन्झन् बढ्दै जान्छ। अतः अनलाइन न्यूजपोर्टलहरूसम्मको युगमा आइपुगेको नेपाली



पत्रकारिताको जग भने कागजमा छापिने साना साप्ताहिकहरूले नै निर्माण गरेका हुन्।

राजा वा पञ्चहरूको अलापभन्दा पृथक नेपाली समाजको सार्वजनिक संवादलाई प्रजातन्त्र वा लोकतन्त्र अघि साप्ताहिकहरूले नै धानेका थिए। माध्यमहरू परिवर्तन भए, तर नेपाली पत्रकारिताको आजको बहुलवादी अभ्यास ती साप्ताहिकहरूका विगतबाट अभिप्रेरित छन्। त्यसबेलाको निर्भिकतामा व्यवसायिकता पनि थप्दै-थप्दै भविष्यमा नेपाली पत्रकारिताले अझ गहकिलो, संवेदनशील र भ्रमहरूबाट मुक्त सत्य-तथ्यसहितका सामग्री प्रस्तुत गर्दै सार्वजनिक वृत्तलाई झन्झन् फराकिलो बनाउँदै लैजानेछ।

समाज परिवर्तनसँगै पत्रकारिताको अभ्यास, उत्पादन र प्रभावमा पनि अन्तर देखिँदै जान्छ। ०४६ र ०६२/०६३ सालपछि नेपालमा बहुआयामिक परिवर्तनका बाटाहरू खुल्दै गए। ०४६ सालको अन्त्यसम्म आइपुग्दा नेपालको मिडिया परिदृश्यमा सरकारी स्तरमा सञ्चालित गोरखापत्र र राइजिङ्ग नेपालका अतिरिक्त अन्तर्वस्तुको प्रकृति, गुणस्तर र आयतनका साथै भौगोलिक पहुँचका दृष्टिले पनि कमजोर साप्ताहिकहरू थिए। सरकारी रेडियो, टेलिभिजन र अखबारले प्रस्तुत गर्ने राजाको सरकारको विश्वदृष्टिकोणका विकल्पमा जनधारणा प्रस्तुत गर्न साप्ताहिकहरूले सङ्घर्ष गर्नु पर्दथ्यो। ती साप्ताहिकहरू अल्पआयुका ससाना लगानीमा स्थापित थिए, एक-दुई कोठे कार्यालय सीमित थिए र गुटेनवर्ग प्रविधिमा छापिन्थे। तर, बजार शास्त्रका दृष्टिले कमजोर ती साप्ताहिकहरू राजनीतिक पक्षधरताका दृष्टिले भने प्रखर र निर्भिक थिए।

०४६ र ०६४ सालका बीचमा नेपाली अखबार जगत्को कायापलट हुन गयो। ०६४ पछि समग्र नेपाली मिडियाले नै नयाँ काँचुली फेऱ्यो। ०४६ सालअघि साना लगानीका अखबारहरूको पत्रकारिता मूलतः अभिव्यक्ति स्वतन्त्रताको लडाइँ थियो। त्यसैले अखबारहरूको प्रसार आजको जस्तो व्यापक थिएन भने निजी क्षेत्रको संलग्नता रेडियो र टेलिभिजन स्थापना गर्नै पाइँदैन थियो। ०४६ पछिका प्रारम्भिक वर्षहरूमा समेत देशका तत्कालीन ७५ जिल्लामध्ये ३६ जिल्लाहरूमा पत्रपत्रिका दर्ता पनि भएका थिएनन्। त्यसबेलासम्म तेह्रथुम, ओखलढुङ्गा, रामेछाप, लमजुङ, पर्वत, गुल्मी, भोजपुर, खोटाङ, सर्लाही, गोरखा, म्याग्दी, अर्घाखाँची, रुकुम, प्युठान, रोल्पा, सल्यान, दैलेख, जाजरकोट, जुम्ला, कालिकोट, हुम्ला, डोल्पा, मुगु, बझाङ, अछाम, डोटी, बैतडी, दार्चुला, सोलुखुम्बु दोलखा, रसुवा, मनाङ, मुस्ताङ र कपिलवस्तुमा पत्रपत्रिका दर्ता पनि भएका थिएनन्। त्यसैले, छयालीस सालको राजनीतिक परिवर्तन नेपाली आमसञ्चार माध्यमका लागि कोशेढुङ्गा साबित भयो।

नेपाली आमसञ्चार क्षितिजमा दूरगामी परिवर्तनको शुरुवात छापा माध्यमबाट भयो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिसँगै छापा माध्यमहरूको संख्यामा तीव्र वृद्धि हुन थाल्यो। निजी क्षेत्रबाट आमसञ्चार उद्योगमा व्यापक प्रभाव पार्दै ठूला दैनिकको नयाँ युग प्रारम्भ भयो। वि. सं. २०५२ मा त केबल तीन महिनाको अवधिमा काठमाडौंबाट नेपाली भाषामा चार र अंग्रेजीमा एक गरी पाँच वटा ठूला दैनिक शुरु भएको थियो।

००७ सालको परिवर्तनसँगै निजी क्षेत्रका अखबार र रेडियो नेपालको शुरुवात भयो। तर, ०१७ सालमा संसदीय व्यवस्थाको घाँटी निमोठिएसँगै अखबारहरू घिस्रिन मात्र सक्ने परिवेशको निर्माण गरियो। त्यसबेलाका अखबारहरू राजनीतिक संवादको वाहक बनेकै कारण सत्ताको कोपभाजनको शिकार बन्ने गर्दथे। कानूनहरूको तर्जुमा अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाउने उद्देश्य साथ गरिन्थ्यो। तैपनि नेपाली समाज अखबारविहीन भने बनेन, तर निजी क्षेत्रका अखबार संस्थागत हुन पनि सकेनन्। स्वतन्त्र विचारलाई दमन गर्ने क्रममा सत्ताले निजी अखबारहरूलाई उपयोग गर्न थालेपछि दलहरूका पृष्ठपोषण गर्ने अखबारहरू पनि मुखर हुन थाले। राजाको पञ्चायतले कहिल्यै पनि अखबारहरूको संस्थागत विकास हुन सक्ने वातावरण भने बन्न दिएन।

०४६ सालपछि राजनीतिक संवाद वा सार्वजनिक सञ्चारको अस्तित्व विना राजनीतिक प्रक्रिया ठिक ढङ्गले अगाडि बढ्न सक्दैन भन्ने विश्वास बढ्न थाल्यो। अखबार राजनीतिक वा सार्वजनिक संवादको वाहक मात्र होइन, उल्लेखनीय परिमाणमा रोजगार दिलाउने उद्योगका रूपमा पनि चिनिन थाल्यो। अन्तर्वस्तु उत्पादनको परिमाणसँगै पाठकको पनि वृद्धि हुन थाल्यो। ०६२/०६३ पछिको लोकतान्त्रिक गणतन्त्रको युगमा यदाकदा देखिएका प्रतिकूलताका अतिरिक्त आमरूपमा नेपाली पत्रकारिताले सिर्जनशीलताको असीमित वातावरण अनुभूत गर्न पाएको छ। पुरानो शक्ति र सम्बन्धमा आएको फेरबदल आमरूपमा सकारात्मक छ, अभिव्यक्ति स्वतन्त्रताको वृत्तलाई फराकिलो पार्ने प्रकृतिको छ। तैपनि उन्नत लोकतान्त्रिक परिवेश अनुकूलको स्वतन्त्र तर पूर्णतः लोकहितमा समर्पित मिडिया प्रणाली आज पनि नेपाली समाजको सुन्दर सपना हो।

आजको नेपाली आमसञ्चार माध्यमको समाजशास्त्र केलाउन छापा, प्रसारण र पछिल्लो पुस्ताका अनलाइन माध्यमका संस्था, उत्पादन र पाठक वा दर्शक-श्रोताको अवस्था र अनुभूति बुझ्न सक्नुपर्छ। किनकि, विभिन्न प्रकारका आक्रामक वा अनाक्रामक शक्ति, नियन्त्रणका प्रवृत्ति, वैद्य वा वैद्यता वेगरका संस्थाहरू, वर्ग र समुदायका बीच नै नेपाली मिडियाका जराजरा फैलिएका छन्।

यही यथार्थबीच राजनीतिक-आर्थिक-सामाजिक परिवर्तन र मिडिया क्षितिजमा परेको त्यस्तो परिवर्तनको प्रभाव सम्बन्धी अध्ययन नै नेपाली आमसञ्चार-समाजशास्त्र हो। मिडिया-उत्पादनलाई सामाजिक संरचनाको प्रतिकात्मक स्वरूप मान्ने हो भने मिडियाका ती अन्तर्वस्तुको निर्माण कसरी-कसरी हुन्छ ? सामाजिक यथार्थलाई कस्ता-कस्ता मिडियाले कस्तो-कस्तो आकार-प्रकारमा प्रस्तुत गरिरहेका छन् ? घटना र प्रवृत्तिको कसरी-कसरी ब्याख्या भइरहेको छ ? आजका समाचार लगायतका सामग्रीका मूल्य-मान्यताका आधारबारे थाह पाउन सामाज शास्त्रीय ढाँचामा यी प्रश्नहरूको उत्तर खोजिनु पर्छ। गोप

## छुरा प्रहार गरी छिमेकीको हत्या

**सुनसरी, असोज ९।** सुनसरीका इटहरी उपमहानगरपालिका-३ सुनौलो टोलका ६२ बर्षीय देवीप्रसाद अधिकारीले छिमेकी २१ बर्षीय राजु थापालाई छुरा प्रहार गरी हत्या गरेका छन् ।

सामान्य घरयासी बादविवाद हुँदा अधिकारीले छातीमा छुरा प्रहार गरि गम्भिर घाइते बनाएका थापाको उपचारको लागि घोपा धरानमा पुऱ्याउन साथ मृत्यु भएको थियो ।

घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय इटहरीबाट प्रहरी खटिएको प्रहरीको टोलीले हत्या गर्ने देवीप्रसाद अधिकारीलाई पक्राउ गरिएको छ। पक्राउ परेका अधिकारी समेत घाइते भएकाले प्रहरीको निगरानीमा उपचार भइरहेको छ। घटनाबारे इलाका प्रहरी कार्यालय इटहरीले थप अनुसन्धान गरिरहेको प्रदेश १ प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## झापामा भौतिक उपस्थितिमा पढाइ शुरु

**झापा, असोज ९।** मेचीनगर नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत एक सय छ वटा विद्यालयले भौतिक रुपमै पठाइ शुरु गरेका छन् ।

कोभिड-१९ का कारण लामो समयदेखि विद्यालय सञ्चालन हुन नसकिरहेको अवस्थामा पालिकाभित्रका प्रारम्भिक बालकक्षा बाहेकका कक्षा सञ्चालन गर्ने अनुमति पाएसँग विद्यालय सञ्चालनमा आएका हुन् ।

कक्षा कोठाका क्षमताका आधारमा भौतिक दूरी कायम गर्ने, शिक्षक, विद्यार्थी सबैले अनिवार्य मास्क लगाउने, धेरै विद्यार्थी भएको विद्यालयले आलोपालो गरी पढाइ गर्ने लगायतका मापदण्ड पालना गरेर मात्र विद्यालय सञ्चालन गर्ने अनुमित दिएको पालिकाका नगर शिक्षा प्रमुख होमनाथ भण्डारीले जानकारी दिए ।

उनका अनुसार मेचीनगर क्षेत्रभित्र ४२ वटा सामुदायिक विद्यालय, चार वटा धार्मिक स्कूल र ६० वटा बोर्डिङ स्कूल सञ्चालनमा छन् । विद्यालयले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको विद्यालय सञ्चालन सम्बन्धी कार्य ढाँचा २०७७ अनुसार मापदण्ड पूरा गरी भौतिक उपस्थितिमा पढाइ गरिरहेका छन् या छैनन् भनेर अनुगमन समेत गरिने उनले बताए ।

उनले विद्यार्थीले विद्यालयमा भौतिक उपस्थिति गर्नुपूर्व विद्यालय परिसर सरसफाइ तथा कक्षा कोठा अनिवार्य रुपमा निर्मलीकरण गर्ने, विद्यालय प्रवेशद्वारमा धर्मलगनबाट ज्वरो नाप्ने, साबुनपानीले अनिवार्य हात धुने व्यवस्था हुनुपर्ने, कक्षा कोठामा विद्यार्थीलाई भौतिक दूरी कायम गर्दै जेट आकारमा बसाउनुपर्ने मापदण्डमा उल्लेख गरिएको बताए ।

पालिकाले विद्यालयले सरकारले तोकेका मापदण्ड अनुसार पढाइ शुरु गरे नगरेको बुझ्नका लागि अनुगमन गरिने बताए । सो क्रममा मापदण्ड पालना नगरेको पाइएमा विद्यालयलाई कारवाहीको दायरामा ल्याउने उनको भनाइ छ ।

जिल्लाका भद्रपुर, बिर्तामोड नगरपालिका, झापा गाउँपालिकाका विद्यालयले समेत भौतिक रुपमा पढाइ शुरु गरेका छन् । शिक्षा विकास तथा इकाइ समन्वय कार्यालयका प्रमुख राजकुमार विश्वकर्माले विभिन्न विद्यालयमा अनुगमन शुरु गरेको बताए ।

भारतीय सीमा क्षेत्रमा रहेका झापा गाउँपालिकाको सरस्वती आधारभूत विद्यालय, त्रिभुवन आधारभूत विद्यालय र अमरसिंह प्रावि समेत अनुगमन गरिएको बताइएको छ । अनुगमनका क्रममा विद्यालयले सरकारले तोकेका मापदण्ड पालना गरेरै भौतिक उपस्थितिमा कक्षा सञ्चालन गराइरहेको पाइएको प्रमुख विश्वकर्माले जानकारी दिए ।

## कुकुर र विरालोलाई रेविजविरुद्धको खोप

**पथरीशनिश्चरे, असोज ९।** विश्व रेविज दिवसका सन्दर्भ पारेर मोरङको पथरीशनिश्चरे नगरमा घरपालुवा कुकुर र विरालोलाई रेविजविरुद्धको निःशुल्क खोप अभियान अगाडि बढाइएको छ ।

अभियान नगरका १० वटै वडामा ६ देखि १२ गतेसम्म सञ्चालन भइरहेको जनाइएको छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र १ नम्बर प्रदेशको समेत सहकार्यमा नगरको पशुपन्छी शाखाले वडा नम्बर ४, ९ र १० का वडा कार्यालय परिसरमा कुकुर र विरालोमा खोप लगाएको हो ।

रेविजको तथ्यलाई बुझ्नसके राम्ररी, हट्छ डर त्रास सधैंभरी' भन्ने नाराका साथ नगर प्रमुख दिलीपकुमार राईको अगुवाईमा वडा नम्बर ४ मा वडाध्यक्ष गोविन्दबहादुर भण्डारी, ९ मा वडाध्यक्ष



भानुभक्त राई र १० मा कार्यपालिका सदस्य मैनादेवी फूयाल आचार्यसहितका जनप्रतिनिधि र कर्मचारीको सहभागितामा खोप लगाउने काम भएको थियो । पशुपन्छी शाखा प्रमुख हेमचन्द्र दहाल, प्राविधिक पर्वत साहसहितका प्राविधिक टोलीले खोप लगाएको हो । खोप लगाएपछि पशु धनीलाई खोप कार्ड प्रदान गरिएको छ ।

त्यस्तै ७ गते वडा नम्बर ५, ६ र ८ र ८ गते २, ३ र ७ मा लगाइएको तथा १० गते १ को वडा कार्यालयमा खोप लगाइने बताइएको छ। ११ र १२ गते पशुसेवा केन्द्र मंगलबारेमा खोप लगाइने छ। पशुसेवा केन्द्रमा भनें आवश्यक परेको खण्डमा सबै दिन खोप लगाउने काम सुचारु रहने बताइएको छ ।

## पथरीमा किरात लिम्बू भाषा पठनपाठन

**पथरीशनिश्चरे, असोज ९।** पथरीशनिश्चरे नगरपालिका वडा नम्बर ८ स्थित किरात फाल्गुनन्द युमा माङहिममा शुक्रबारदेखि किरात लिम्बू भाषा पठनपाठन शुरु भएको छ ।

पथरीशनिश्चरे नगर प्रमुख दिलीपकुमार राईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नगर उपप्रमुख यमुना बिष्ट बाँस्तोला र नगर शिक्षा शाखा प्रमुख उप-सचिव शालीग्राम काफ्लेले लिम्बू भाषा शिक्षण विधिवत् उद्घाटन गरेका हुन्

नेपाल सरकारको पाठ्यक्रम विकास केन्द्रले कुनै पनि एक स्थानीय भाषामा पठनपाठन गर्न सकिने मौलिक अधिकार तथा प्रावधान भए अनुरुप नै यस नगरको समेत



सहयोगमा फाल्गुनन्द युमा माङहिमले पठनपाठन थालेको बताइएको छ ।

# एनएमसी चारआली शाखाको सभा

**दुहागढी, असोज ९।** नेपाल बहुउद्देश्यीय सहकारी संस्था(एनएमसी) चारआली सेवा केन्द्रको २९औं साधारण सभा सम्पन्न भएको छ।

काँकरभिट्टामा केन्द्रीय कार्यालय रहेको सहकारीको चारआली इकाइले आफ्नै भवनमा साधारणसभा सम्पन्न गरेको हो। कार्यक्रममा सञ्चालक समितिका सदस्य एवम् मेची क्षेत्रीय उप समितिका संयोजक माधव प्याकुरेलले सञ्चालक समितिका अध्यक्षको तर्फबाट तयार गरिएको संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रममा संस्थाका सबै गतिविधिहरु असल संस्कार र समृद्धीका लागि एनएमसी भन्ने मूल नारामा केन्द्रित रहेको जानकारी गराइएको थियो। कार्यक्रममा संस्थाका मेची क्षेत्रीय प्रमुख रविन्द्र पाण्डेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सभाको उद्घाटन कार्यक्रमकी प्रमुख अतिथि मेचीनगर नगरपालिकाकी कार्यपालिका सदस्य निर्मला परियारले गरेकी थिइन्।

कार्यक्रममा बाल सुबोधिनी माविका प्रधानाध्यापक विश्व थापा, संस्थाका वित्तीय साक्षरता उपसमितिका संयोजक गोपाल प्याकुरेल, प्रमुख अतिथि परियार लगायतले मन्तव्य राखेका थिए। चारआली सेवा केन्द्रका संयोजक प्रकाश बाँस्तोलाको सभापतित्व तथा कार्यालय प्रमुख संगीता तामाङ्गको सञ्चालनमा सम्पन्न कार्यक्रममा स्वागत इकाइ समितिका संयोजक नवराज भट्टराईले गरेका थिए।


## दुबईको नं. १ कम्पनीमा १० दिनमा वेटर, फ्याक्ट्री हेल्पर, क्लीनरमा दुबई पुग्ने सुवर्ण अवसर, त्यो पनि अन्तरवार्ता बिना नै

UAE मा नेपाली लाईसेन्स भएका TAXI DRIVER हरुलाई रोजगारको अवसर

| | कामदारको पद | तलब | खाना/बस्न | काम |
|---|---|---|---|---|
| १. | Waiter | 1000/- DHS | छ | ८ घण्टा २६ दिन |
| २. | Cleaner | 800/- DHS | छ | ८ घण्टा २६ दिन |
| ३. | Factory helper | 900/- DHS+4hrs OT | छ | ८ घण्टा २६ दिन |

Company: Cars Taxi LLC, UAE

पूर्व स्वीकृती मितिः २०७६/११/०२ चलानी नं.६०१५१७४३ LT No. : 233095

नेपाली लाईसेन्स भएकाहरूलाई UAE को लाईसेन्स ग्यारेन्टी गरिन्छ।

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Taxi Driver | 100 | साधारण | 1500 | ४६,७२५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

नोट: १. उमेरको हकमा २३ देखि ४५ बर्ष सम्मको हुनुपर्ने छ। २. Driver हरुले कम्तिमा मासिक AED 4000/- देखि AED 5000/- सम्म कमाउन सक्नेछन।

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ।

ड्राइभरको फाइनल अन्तरवार्ता असोज १३ गते बुधबार बिर्तामोड हुनेछ।

ह्वाइट पर्ल रिक्रुटमेन्ट सर्भिसेज प्रा. लि.

सुकेधारा-४, धुम्बाराही, काठमाण्डौं, नेपाल,

बिर्तामोडः ९८५२६७४४३९, ९८०८०७४५९८

Govt Lic.No. 92/053/54



## UAE मा Taxi Driver हरुलाई रोजगार

Emirates Taxi

पूर्व स्वीकृति मितिः २०७८/०५/३१ चलानी नं. ६०१६३१८२ LT No.:245931

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Taxi Driver | 100 | काममा दक्ष | 1500 | ४८,०७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Driver हरुले कम्तिमा AED 3500 देखि 4000 भन्दा माथी कमाउन सकिनेछ।

नेपाली, UAE र GCC License भएकाहरुले सम्पर्क गर्नुहोला। उमेरः २३-४५ बर्ष सम्म

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०७८ असोज १०, ११, १२, १५, १६, १७, १८, १९, २०, २१ र २२ गते (Sept. 26, 27, 28, Oct. 1, 2, 3, 4, 5, 6, 7 & 8, 2021) यस प्रा. लि. को कार्यालय, सामाखुसी मा। तामा रेष्टुरेन्ट विर्तामोड झापामा असोज १३ र १४ गते (Sept. 29 & 30) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

FOREVER HUMAN RESOURCE SOLUTION PVT. LTD. Govt. Lic: 1411/074/75

Tokha Road-10, Samakhushi, Ktm., Tel : 01-4953298, 4954685

Birtamod, Contact: 9824022601, 9801445553

फर्म भर्ने मितिः २०७८ असोज ४ गतेदेखि १२ गतेसम्म मात्र। सबै देशको लाइसेन्स मान्यता रहनेछ।



## दशैंभन्दा अगाडी उड्न चाहनेलाई दुवईमा सेक्युरिटी गार्डमा रोजगार

भिषा एकहप्तामा प्राप्त हुनेछ।

कम्पनी : FEDERAL SECURITY SERVICES LLC शहर : DUBAI

पूर्वस्वीकृत मिति : २०७६/१०/१५ चलानी नं. ६०१५०७५२ L.T.NO. 231847 पून विज्ञापन

| सि नं. | कामदारको पद | मासिक तलव पुरुष | मासिक तलव महिला | न्युनतम योग्यता | मासिक तलव AED | मासिक तलव नेरू | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खान सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard/Guard | 31 | 02 | स.कामाम दक्ष | 1200 | ३८,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

बेसिक सेलरी १२०० भएता पनि ओभरटाइम र एलाउन्ससहित १६०० देखि माथि AED हुनेछ। उचाइको हकमा : ५ फिट ३ इन्च माथि हुनु पर्नेछ। सामान्य अंग्रेजी बोल्न जान्ने हुनु पर्नेछ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट मेनपावरको शाखा कार्यालय बिर्तामोडमा असोज १२ गते, काठमाडौमा १० गते र ११ गते जनप्रिय भान्सा घर पोखरामा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.

श्रम इजाजत नं. ८०६/०६५/०६६

सामाखुसी, रिङरोड, काठमाडौ फोन नं.०१-४३८५६३३

शाखा कार्यालय बिर्तामोड, शनिश्चरेरोड फोन : ०२३-४३००६०, ४३०९१७

मो. ९८०१०३३९७४, ९८०१०३३९७५, ९८४२६२३८१३, ९८०३४६९१५८, ९८०१०२३८१३,९८०१०३३९७२


'झाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो, इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो, आयो टप्प टिप्यो लग्यो मिती पुग्यो टारेर टर्दैन त्यो

# श्रद्धाञ्जलि/निमन्त्रणा

मेरो श्रीमान्, हाम्रो बुबा/हजुरबुबा **मुरलीधर ठाकुर**को यही मिति २०७८ साल भदौ ३१ गते बिहीबार ७४ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामीलाई अत्यन्त शोक विह्वल र मर्माहत तुल्याएको छ । श्रीमान्/बुबा/हजुरबुबा वियोगको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित आज ११औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै भोलि असोज ११ गते सोमबार हुने शुद्धाई कार्यमा सहभागी भई दिनहुन समस्त मलामीजन, आफन्त, नातागोता, कुलकुटुम्ब, छरछिमेक लगायतमा हार्दिक विनम्रतापूर्वक निमन्त्रणा गर्दछौं ।



**स्व. मुरलीधर ठाकुर**
जन्म
वि.सं. २००४/०७/०८
स्वर्गारोहण
वि.सं. २०७८/०५/३१

**मिति :- २०७८ साल असोज ११ गते सोमबार**
**समय :- बिहान १०:०० बजे**
**स्थान :- निजी निवास स्थान, अर्जुनधारा-८, एम्स एकाडेमी स्कूल छेउ (झापा)**
**सम्पर्क :- ९८२४०१४७०४**

**श्रीमती : रुनादेवी ठाकुर**

**छोरा-बुहारीहरु :**
मनोज+ललिता ठाकुर
स्व.दिनेश+रञ्जिता ठाकुर
सञ्जय+रीना ठाकुर
राजेश+गीता ठाकुर
पंकज+रुबी ठाकुर

**नातिहरु :**
राहुल, विकास, विनय,
विशाल र सत्यम

**नातिनीहरु :**
प्रियंका, सुस्मिता, काजल,
साक्षी, पायल र पलक

एवम् **समस्त ठाकुर परिवार,** अर्जुनधारा नगरपालिका-८, झापा



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिस्थितिवश चिताएको काम रोकिन सक्छ। आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने चेष्टा गर्ने छन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला। व्यवसायमा बाधा पुग्नेछ भने अरूका लागि बुद्धि खर्चनुपर्ने देखिन्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यवसायभन्दा सेवामूलक कामबाट राम्रो उपलब्धि प्राप्त हुनेछ। तत्काल ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** हतारको निर्णयले समस्या निम्त्याउन सक्छ। आत्मसम्मानका लागि मौन रहनु बेस होला। बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला। भावना बुझ्न नसक्दा शुभचिन्तकहरू टाढिन सक्छन्। ठूलो आशा देखाउनेहरूबाट सावधान रहनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बोली व्यहारमा संयम रहँदै गरिएको युक्तिपूर्ण व्यवहारले फाइदा दिलाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** साथ दिनेहरू बढ्ने छन्। प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। रमाइलो जमघट हुने योग छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला। सहयोगीहरूले साथ दिनेछन् भने पहिलेको सफलताले पनि हौसला प्रदान गर्नेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** साँझतिर आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन्। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारी साथ काम लिनुहोला। फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आवश्यक पर्दा सरसापट वा कर्जा मार्फत धन जुट्नेछ। लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आफ्नाबाट भने टाढिनुपर्ने हुन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** केही खर्च लागे पनि यात्राको प्रक्रिया अघि बढ्नेछ। लगानी बढाउनुपरे पनि प्रतिक्षित नतिजाले उत्साह भने जगाउनेछ।